संसारका मजदुरहरू - एक होऔं !
Workers of the world, unite !

मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !
Long Live Marxism -Leninism -Maoism !

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
# Communist Party of Nepal (Maoist Centre)

केन्द्रीय कार्यालय
Central Office

पत्र संख्या :

चलानी नं.

## प्रेस–विज्ञप्ति

हाम्रो पार्टीका अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले यही असार १८ गते राजधानीमा आयोजित पुस्तक विमोचन कार्यक्रममा सरदार प्रितम सिंह बारे दिएको अभिव्यक्तिलाई लिएर प्रमुख प्रतिपक्ष दलबाट गरिएको भ्रामक, आपत्तिजनक, दुराशययुक्त प्रचारबाजी र लोकतन्त्रको अभ्यास गर्ने थलो संसद समेत अवरोध गरिएको प्रति हाम्रो पार्टीको गंभीर ध्यानाकर्षण भएको छ ।

जनयुद्धबाट शान्ति प्रक्रियासँगै सरदार प्रितम सिंह र सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' का बीचमा औपचारिक मात्र होइन भावनात्मक रुपमा समेत प्रगाढ सम्बन्ध रहदै आएको तथ्य सार्वजनिक भैसकेको छ । यही पृष्ठभूमिमा सरदार प्रितम सिंहबाट आफुलाई प्रधानमन्त्रीको रुपमा देख्न चाहेको र त्यसको लागि उहाँले सक्दो योगदान गरेको यथार्थता प्रकट गर्ने सम्माननीय प्रधानमन्त्रीको सदाशयतालाई दुराशयमा बदल्न खोज्नु प्रमुख प्रतिपक्ष दलको कुत्सित चाहना पुरा गर्ने अभीष्टता बाहेक केही होइन ।

मध्यरातमा 'रअ' प्रमुखसंग बालुवाटारमा भेटेर पटक पटक संसद विघटन गर्ने, जनताका मुद्धाहरुमा कानून बनाउन खोज्दा संसद अवरोध गर्ने, भ्रष्टाचारीहरुो छानबिन र फाइल खोल्दा गैर जिम्मेवार बन्ने जस्ता पात्र र प्रवृत्तिले गर्दा प्राप्त राजनैतिक उपलब्धीहरु माथि प्रहार भइरहेको तथ्य नेपाली जनताले बुझिसकेका छन् । तथापि 'पानी धमिल्याएर माछा मार्न खोज्ने' प्रवृति फेरि पनि 'के निउ पाऊँ, कनिका बुकाऊँ' भने जस्तै भ्रामक र दुराशययुक्त प्रचारबाजीमा उत्रिएर गरिएका हर्कतहरुप्रति हाम्रो पार्टी घोर भर्त्सना गर्दछ र राष्ट्रियता, गणतन्त्र र जनजीविकाको पक्षमा दृढतापूर्वक उभिन सम्पूर्ण पार्टीपंक्ति र जनसमुदायमा हार्दिक अपील गर्दछ ।

२१ असार २०८० ।

कृष्ण बहादुर महरा
उपाध्यक्ष एवं प्रवक्ता

पेरिसडाँडा, कोटेश्वर, काठमाडौं, फोन ९७७-१ ४६१२२८३, ४६१२२६८, ४६१२२९० फ्याक्स ९७७-१-४६१२२८९,
Email: cpnmcentre@gmail.com, Website: www.cpnmc.org